# नेपाल लेखापरीक्षणमान ८००

# विशेष ध्यान दिनुपर्ने कुरा- विशेष उद्देश्य आधारशिला अनुरुप तयार गरिएको वित्तीय विवरणको लेखापरीक्षणहरु

(अन्तराष्ट्रिय गुणस्तर नियन्त्रणमान, लेखापरीक्षण पुनरावलोकन, अन्य आश्वस्तता तथा सम्बद्ध सेवाहरु घोषणाहरुको हाते पुस्तक सन् २०१०
अंग्रेजी संस्करणको अनुवाद)

## विषयसूची


| | अनुच्छेद |
|---|---|
| **परिचय** | |
| यस ने.ले.प.मा. को क्षेत्र ........................................... | १-३ |
| लागू हुने मिति ........................................................ | ४ |
| **उद्देश्य .............................................................** | ५ |
| **परिभाषाहरु ........................................................** | ६-७ |
| **आवश्यकता** | |
| अनुवन्ध स्वीकार गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरु ............. | ८ |
| लेखापरीक्षणको योजना र कार्य सम्पादन गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु ........................................................ | ९-१० |
| राय निर्माण र प्रतिवेदन गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु ...... | ११-१४ |
| **प्रयोग र अन्य ब्याख्यात्मक सामग्री** | |
| विशेष उद्देश्य आधारशिलाको परिभाषा ............................. | क१-क४ |
| अनुवन्ध स्वीकार गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरु ............. | क५-क८ |
| लेखापरीक्षणको योजना र कार्य सम्पादन गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु ........................................................ | क९-क१२ |

**अनुसूचीः विशेष उद्देश्यका वित्तीय विवरणहरु माथिको लेखापरीक्षकको प्रतिवेदनको उदाहरणहरु**

लेखापरीक्षणमान ८०० "विशेष ध्यान दिनुपर्ने कुरा- विशेषउद्देश्य आधारशिला अनुरुप तयार गरिएको वित्तीय विवरणको लेखापरीक्षणहरु" लाई नेपाल लेखापरीक्षणमान २००"नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको आचारण र स्वतन्त्र लेखापरीक्षणको समग्र उद्देश्य" सँग जोडेर अध्ययन गरिनु पर्दछ ।

## परिचय

### यस नेपाल लेखापरीक्षणमानको क्षेत्र

१. नेपाल लेखापरीक्षणमानहरु १००-७०० का सेटहरु वित्तीय विवरणको लेखापरीक्षणमा प्रयोग गरिन्छ । यो नेपाल लेखापरीक्षणमानले विशेष उद्देश्य आधारशिला अनुसार तयार पारिएको वित्तीय विवरणको लेखापरीक्षणमा प्रयोग हुने नेपाल लेखापरीक्षणमानका विशेष ध्यान पुऱ्याउनु पर्ने कुराहरुको वारेमा उल्लेख गर्दछ ।

२. यो नेपाल लेखापरीक्षणमान विशेष उद्देश्य आधारशिला अनुसार तयार पारिएको वित्तीय विवरणको एउटा पूर्ण सेटको स्रोतमा लेखिएको छ । नेपाल लेखापरीक्षणमान ८०५[1] ले एउटा वित्तीय विवरण वा वित्तीय विवरणको विशेष तत्व, लेखा वा इकाईको लेखापरीक्षणसँग सम्बद्ध विशेष ध्यान दिनु पर्ने कुराहरुको बारेमा उल्लेख गर्दछ ।

३. यो नेपाल लेखापरीक्षणमानले अन्य नेपाल लेखापरीक्षणमानहरुको शर्तहरुलाई प्रभावित गर्दैन न त यसले अनुवन्धको परिस्थितिहरुसँग सम्बद्ध हुनसक्ने अन्य सबै ध्यान दिनु पर्ने कुराहरुको बारेमा उल्लेख गर्दछ ।

### लागू हुने मिति

४. यो ने.ले.प.मा. नेपाल चार्टर्ड एकान्टेन्ट्स संस्थाबाट अंग्रेजी संस्करण लागु भए अनुसार सोही मिति देखि यो ने.ले.प.मा. कार्यन्वयन हुनेछ ।

### उद्देश्य

५. लेखापरीक्षणको उद्देश्य विशेष उद्देश्य आधारशिला अनुसार तयार गरिएको वित्तीय विवरणको लेखापरीक्षणमा नेपाल लेखापरीक्षण

१ नेलेपमा ८०५, "विशेष विशेष ध्यान दिनुपर्ने कुराहरु- वित्तीय विवरणको एउटा ईकाई वा लेखा, विशेष तत्व र एकल वित्तीय विवरणको लेखापरीक्षणहरु"

मानहरुको प्रयोग गरिएको अवस्थामा निम्न कुरा सम्बद्धमा विशेष ध्यान दिनु पर्ने कुरारुलाई उपयुक्त रुपमा सम्बोधन गर्नु होः

क)	कार्य अनुवन्धको स्वीकृति वा मञ्जुरी,

ख)	कार्य अनुवन्धको योजना तथा कार्यसम्पादन, र

ग)	वित्तीय विवरण माथि राय बनाउने र प्रतिवेदन ।

## परिभाषाहरु

६.	नेपाल लेखापरीक्षणमानको उद्देश्यको लागि तलका पदावलीहरुले देहाय अनुसारको अर्थ प्रदान गर्दछन्ः

क)	विशेष उद्देश्य वित्तीय विवरण (Special Purpose Financial Statements) - विशेष उद्देश्यको आधारशिला (Framework) अनुरुप तयार गरिएको वित्तीय विवरण । (सन्दर्भः अनुच्छेद क४)

ख)	विशेष उद्देश्य आधारशिला (Special Purpose Framework) - खास प्रयोगकर्ताको आवश्यकता पूरा गर्ने वित्तीय सूचना प्रदान गर्न तयार गरिएको वित्तीय प्रतिवेदन आधारशिला हो । वित्तीय प्रतिवेदन आधारशिला उचित प्रस्तुतिको आधारशिला वा परिपालना गर्नु पर्ने आधारशिला हुनसक्नेछ ।[२] (सन्दर्भः अनुच्छेदः क१-क४)

७.	यो नेपाल लेखापरीक्षणमानमा "वित्तीय विवरणहरु" को स्रोतको अर्थ "सम्वन्धित टिप्पणीहरु लगायत विशेष उद्देश्य भएको वित्तीय विवरणको एउटा पूर्ण सेट" हो । सम्वन्धित टिप्पणीहरुले सामान्यतया महत्वपूर्ण लेखांकन नीतिहरु र अन्य व्याख्यात्मक टिप्पणीहरुलाई समावेश गर्दछ । लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिलाको शर्तहरुले वित्तीय

२	नेलेपमा, २००, "नेपाल लेखापरीक्षणहरु मान अनुसार स्वतन्त्र लेखापरीक्षकको कार्य र समग्र उद्देश्य" सन्दर्भः अनुच्छेद १३(क)

विवरणहरुको व्यहोराको स्वरुप र वित्तीय विवरणको पूर्ण सेट बनाउने तत्वहरुको निर्धारण गर्दछ ।

## आवश्यकता

## अनुवन्ध स्वीकार गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरु

*वित्तीय प्रतिवेदन आधारशिलाको स्वीकार्यता (Acceptability)*

८. नेपाल लेखापरीक्षणमान २१० अनुसार वित्तीय विवरणको तयारीमा प्रयोग गरिएको वित्तीय प्रतिवेदन आधारशिलाको स्वीकार्यता लेखापरीक्षकले निर्धारण गर्नु आवश्यक हुन्छ ।[३] विशेष उद्देश्य वित्तीय विवरणहरुको लेखापरीक्षणमा लेखापरीक्षकले निम्न कुराहरु प्राप्त गर्नु र बुझ्नु पर्दछः (सन्दर्भः अनुच्छेद : क५-क८)

(क) कुन उद्देश्यको लागि वित्तीय विवरणहरु तयार पारिएको हो,

(ख) लक्षित प्रयोगकर्ता र

(ग) अवस्था अनुसार लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिला स्वीकार्य छ भन्ने एकिन गर्न (Determine) व्यवस्थापनले चालेका कदमहरु ।

## लेखापरीक्षणको योजना तयार गर्दा र कार्य सम्पादन गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु

९. नेपाल लेखापरीक्षणमान २०० अनुसार लेखापरीक्षकले लेखापरीक्षणसँग सम्बद्ध सबै नेपाल लेखापरीक्षणमानहरुलाई पालन गर्नु पर्दछ ।[४] विशेष उद्देश्यको वित्तीय विवरणको लेखापरीक्षणको योजना तथा कार्य सम्पादनमा अनुवन्धको परिस्थिति अनुसार नेपाल लेखापरीक्षणमान

---

३ नेलेपमा, २१०, “लेखापरीक्षण अनुवन्धको शर्तहरुमा सहमति” अनुच्छेद ६(क) ।

४ नेलेपमा, २००, अनुच्छेद १८ ।

बमोजिम विशेष ध्यान पुऱ्याउनु पर्ने कुराहरुको लेखापरीक्षकले निर्धारण गर्नुपर्दछ । (सन्दर्भः अनुच्छेद : क९-क१२)

१०. नेपाल लेखापरीक्षणमान ३१५ अनुसार लेखापरीक्षकले निकायको लेखा नीतिहरुको छनौट र प्रयोगको सम्बन्धमा बुझ्नु आवश्यक हुन्छ ।[५] करारको प्रावधान अनुसार वित्तीय विवरणहरु तयार गरिएको अवस्थामा लेखापरीक्षकले व्यवस्थापनले ती वित्तीय विवरणहरुको तयारी गरेको जान्नका लागि करारको महत्वपूर्ण व्याख्याको सम्बन्धमा बुझ्नु पर्दछ । यस्तो व्याख्या वित्तीय विवरणमा प्रस्तुत गरिएको सूचनाको सम्बन्धमा सारभूत रुपमा भिन्न हुने गरी अर्को मनासिव व्याख्या गरिएको अवस्थामा महत्वपूर्ण हुन्छ ।

## राय बनाउने र प्रतिवेदन गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु

११. जब विशेष उद्देश्यको वित्तीय विवरण माथि राय बनाउने र प्रतिवेदन गरिन्छ, लेखापरीक्षकले नेपाल लेखापरीक्षणमान ७००[६] मा रहेका शर्तहरुको प्रयोग गर्नुपर्नेछ । (सन्दर्भः अनुच्छेद क१३)

*लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिलाको वर्णन*

१२. नेपाल लेखापरीक्षणमान ७०० अनुसार लेखापरीक्षकले वित्तीय विवरणहरुले लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिलाको पर्याप्त मात्रामा सिफारिस गरेको वा वर्णन गरेको छ, छैन भनी मूल्यांकन गर्नु आवश्यक हुन्छ ।[७] करारको प्रावधान अनुसार वित्तीय विवरणहरु तयार गरिएको अवस्थामा लेखापरीक्षकले वित्तीय विवरणहरुले करारको त्यस्तो महत्वपूर्ण व्याख्याको बारेमा पर्याप्त वर्णन गरेको छ, छैन भन्ने सम्बन्धमा मूल्यांकन गर्नेछ ।

---

५ नेलेपमा, ३१५, "निकाय र यसको वातावरणको बुझाईको आधारमा सारवान गलत विवरणको सिहचान तथा जोखिम मूल्यांकन" अनुच्छेद १५ ।

६ नेलेपमा ७००, "आन्तरिक लेखापरीक्षण अनुवन्ध-शुरु मौज्दात"

७ नेलेपमा ७००, अनुच्छेद १५ ।

१३. नेपाल लेखापरीक्षणमान ७०० ले लेखापरीक्षकको प्रतिवेदनको स्वरुप र विषयबस्तु बारेमा वर्णन गर्दछ । विशेष उद्देश्यको वित्तीय विवरण माथिको लेखापरीक्षको प्रतिवेदनको हकमाः

(क) लेखापरीक्षकको प्रतिवेदनले जुन उद्देश्यको लागि वित्तीय विवरण तयार गरिएको हो सोको पनि वर्णन गर्नुपर्दछ । यदि आवश्यक भएमा लक्षित प्रयोगकर्ताको लागि आवश्यक वा विशेष उद्देश्य वित्तीय विवरणमा समावेश भएको टिप्पणीमा सिफारिस भएको सूचना लेखापरीक्षकको प्रतिवेदनमा सामेल हुनुपर्दछ, र

(ख) यदि व्यवस्थापनसँग यस्तो वित्तीय विवरणको तयारीमा वित्तीय विवरणको आधारशिलाको छनौट गर्ने अवसर भएमा वित्तीय विवरणको लागि व्यवस्थापनको [८] जिम्मेवारीको वर्णनले परिस्थिति अनुसार लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिला स्वीकारयोग्य छ भन्ने यसको जिम्मेवारीको निर्धारण लागि स्रोत उल्लेख गर्नुपर्नेछ ।

*विशेष उद्देश्य आधारशिला अनुसार तयार गरिएको वित्तीय विवरण सम्बन्धमा पाठकलाई सावधान राख्नुपर्ने*

१४. विशेष उद्देश्य वित्तीय विवरण उपरको लेखापरीक्षकको प्रतिवेदनको प्रयोगकर्तालाई वित्तयि विवरणहरु विशेष उद्दश्य आधारशिला अनुरुप तयार भएका छन् र परिणाम स्वरुप अन्य उद्देश्यका लागि वित्तीय विवरणहरु उपयुक्त छैनन् भन्ने कुरा सचेत गराउन विषयबस्तु सम्बन्धी अनुच्छेदमा जोड दिदै समावेश गर्नुपर्नेछ । लेखापरीक्षकले उपयुक्त शीर्षक अन्तर्गत यस अनुच्छेदलाई समावेश गर्नेछ । (सन्दर्भः अनुच्छेद क१४-क१५)

***

८ अथवा खास क्षेत्राधिकारको कानूनी संरचनाको सन्दर्भमा उपयुक्त अन्य शब्दावली ।

**प्रयोग र अन्य व्याख्यात्मक टिप्पणी**

**विशेष उद्देश्य आधारशिलाको परिभाषा (Definition of Special Purpose Framework)** (सन्दर्भः अनुच्छेद ६)

क१. विशेष उद्देश्य आधारशिलाको उदाहरणहरु निम्न हुन्:

- निकायको कर फिर्तालाई सहयोग गर्ने वित्तीय विवरणहरुको सेटको लागि करमा आधारित लेखा प्रणाली,
- ऋणीहरुको लागि तयार गरिएको निकायले अनुरोध गर्नसक्ने नगद प्रवाह सूचनाको लागि नगद प्राप्ति र भुक्तानीमा आधारित लेखांकन प्रणाली,
- नियामकको आवश्यकता पूरा गर्न नियामकले स्थापित गरेको वित्तीय प्रतिवेदन सम्बन्धी प्रावधानहरु, वा
- ऋण पत्रहरु, ऋण सम्झौता वा परियोजना अनुदान जस्ता करारका वित्तीय प्रतिवेदन सम्बन्धी प्रावधानहरु ।

क२. यस्ता परिस्थितिहरु हुन सक्दन्, जहाँ विशेष प्रतिवेदन आधारशिला आधिकारिक निकाय वा संगठित मान निर्धारण गर्ने संगठन वा कानून वा नियमद्धारा स्थापित वित्तीय प्रतिवेदन आधारशिलामा आधारित हुन्छ तर त्यो आधारशिला भित्रको सबै आवश्यकताहरु पूरा गरेको हुँदैन । एउटा करारको उदाहरण यस्तो छ, जसमा सो करार अनुसार क्षेत्राधिकार X को, अधिक तर सबै होइन, वित्तीय प्रतिवेदन आधारशिला अनुसार वित्तीय विवरणहरु तयार गरिनु आवश्यक हुन्छ । अनुवन्धको परिस्थिति अनुसार जब यो स्वीकारयोग्य हुन्छ, आधिकारिक निकाय वा संगठित मान निर्धारण गर्ने संगठन वा कानून वा नियमद्धारा स्थापित वित्तीय प्रतिवेदन आधारशिलाको पूर्णतया पालना गर्न विषेश उद्देश्य वित्तीय विवरणहरुमा लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिलाको वर्णनको लागि यो अनुपयक्त हुन्छ । करारको माथि उल्लेखित उहादरणमा लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिलाको वर्णनले क्षेत्राधिकार X को वित्तीय प्रतिवेदन मानको स्रोत उल्लेख

गर्नेभन्दा पनि करारको वित्तीय प्रतिवेदन सम्बन्धी व्यवस्थाको स्रोत प्रयोग गरिएको वित्तीय प्रतिवेदन आधारशिलाको वर्णनको स्रोत उल्लेख गर्न सक्दछ ।

क३. अनुच्छेद क२ मा वर्णन गरिएको परिस्थितिहरुमा विशेष उद्देश्य आधारशिला उचित प्रस्तुति आधारशिला नहुन सक्दछ, यद्यपि यो आधारित भएको वित्तीय प्रतिवेदन आधारशिला एउटा उचित प्रस्तुति आधारशिला हो । यस्तो किन हुन्छ भने वित्तीय विवरणहरुको उचित प्रस्तुति हुनको लागि आवश्यक पर्ने आधिकारिक (Authorized) निकाय वा संगठित (Recognized) मान निर्धारण गर्ने संगठन वा कानून वा नियमद्धारा स्थापित वित्तीय प्रतिवेदनको आधारशिलाले सबै आवश्यकता वा शर्तहरु विशेष उद्देश्यको आधारशिलाले पूरा नगरेको हुनसक्दछ ।

क४. विशेष उद्देश्य आधारशिला अनुरुप तयार पारिएको वित्तीय विवरण मात्र निकायले तयार पारेको वित्तीय विवरण हुनसक्दछ । यस्तो परिस्थितिहरुमा त्यस्ता वित्तीय विवरणहरु अरुभन्दा पनि जसका लागि वित्तीय प्रतिवेदन आधारशिला तयार गरिएको हो ती लक्षित प्रयोगकर्ताहरुद्धारा प्रयोग हुनसक्दछ । वित्तीय विवरणहरुको व्यापक वितरण भएको ती परिस्थितिको वाबजुद पनि नेपाल लेखापरीक्षणमानको उद्देश्यको लागि वित्तीय विवरणहरुलाई अझै पनि विशेष उद्देश्य वित्तीय विवरणको रुपमा मानिन्छ । अनुच्छेद १३-१४ मा उल्लेखित आवश्यकताहरु जुन उद्देश्यको लागि वित्तीय विवरणहरु तयार पारिएका हुन, तिनीहरुको असमझदारी हटाउन तयार गरिएको हो ।

## अनुवन्ध स्वीकार गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरु

*वित्तीय प्रतिवेदन आधारशिलाको स्वीकार्यता (Acceptability)*(सन्दर्भः अनुच्छेद ८)

क५. विशेष उद्देश्य वित्तीय विवरणको हकमा वित्तीय विवरणहरुको तयारी यसको लक्षित प्रयागकर्ताहरुलाई आवश्यक पर्ने वित्तीय सूचना वित्तीय प्रतिवेदन आधारशिलाको स्वीकार्यताको निर्धारण गर्ने आधारभूत तत्वहरु हुन ।

क६. लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिलाले विशेष उद्देश्य वित्तीय विवरणको लागि मान निर्धारण गर्न मान्यताप्राप्त वा अधिकारीक संगठनद्वारा स्थापित वित्तीय प्रतिवेदन मानलाई समावेश गर्न सक्दछ । त्यस्तो अवस्थामा यदि निकायले सम्बद्ध सरोकारवालाहरुको विचार र सुझबुझलाई सामले गराउने पारदर्शी र स्थापित प्रक्रिया अवलम्बन गरेमा यस उद्देश्यका लागि ती मानहरु स्वीकार्य भएको अनुमान गरिन्छ । केही क्षेत्राधिकारहरुमा निश्चित प्रकारका निकायहरुको लागि विशेष उद्देश्य वित्तीय विवरणहरुको तयारीमा व्यवस्थापनद्वारा प्रयोग गरिनु पर्ने वित्तीय प्रतिवेदन आधारशिलाको कानून वा नियमले सिफारिस गरेको हुनसक्दछ । उदाहरणको लागि नियामकको आवश्यकता परिपूर्ति गर्नको लागि नियामकले वित्तीय प्रतिवेदन सम्बन्धी व्यवस्थाहरु स्थापित गर्न सक्दछ । यसको विपरीत हुने संकेतहरु नहुँदा यस्तो निकायद्वारा तयार गरिएको विशेष वित्तीय विवरणहरुको लागि यस्तो वित्तीय प्रतिवेदन आधारशिला स्वीकार्य भएको अनुमान गरिन्छ ।

क७. अनुच्छेद क६ मा उल्लेख गरिएको वित्तीय प्रतिवेदन मान विधायिकी वा नियमक शर्त वा आवश्यकताद्धारा परिपूर्ति गरिएको भएमा लेखापरीक्षकले वित्तीय प्रतिवेदन मान र अतिरिक्त आवश्यकताहरुको बीचमा कुनै द्वन्द्व रहेको छ र यदि त्यस्तो द्वन्द्व भएमा लेखापरीक्षककले गर्नुपर्ने कारवाहीको सिफारिस गरेको छ, छैन भन्ने विषयमा निर्णय गर्नु नेपाल लेखापरीक्षणमान २१० अनुसार आवश्यक हुन्छ ।[९]

क८. लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिलाले अनुच्छेद क६ र क७ मा उल्लेख गरिएकोभन्दा बाहेक अन्य स्रोतहरु वा करारको वित्तीय प्रावधानहरु समेट्न सक्दछ । त्यो अवस्थामा अनुवन्धको परिस्थितिमा वित्तीय प्रतिवेदन आधारशिलाको स्वीकार्यता नेपाल लेखापरीक्षणमान २१० को अनुसूची २ मा वर्णन गरिए जस्तै सामान्यता लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिलाद्धारा प्रदर्शन गरिएका गुणहरु त्यस्तो

---

९ नेलेपमा २१०, अनुच्छेद १८ ।

आधारशिलाले प्रदर्शन गर्छ, गर्दैन भन्ने कुरा विचार गरेर निर्धारण गरिन्छ । विशेष उद्देश्य आधारशिलाको स्वीकार्यताको हकमा सामान्यतया लागू गर्न सकिने प्रतिवेदन आधारशिलाद्वारा प्रदर्शन गरिने हरेक निश्चित अनुवन्धको सापेक्षित महत्वको आधारमा व्यवसायिक निर्णयको विषयबस्तु हुन्छ । उदाहरणको लागि बिक्री भएको मितिमा खुद पूँजीको मूल्य स्थापित गर्ने प्रयोजनको लागि यसका क्रेता र विक्रेताहरुको आवश्यकताको लागि प्राप्त गर्न नसकिने लेखाहरुको लागि भत्ताहरुको अत्यन्त समझदारीपूर्ण पूर्वानुमान गरी सहमतिमा पुग्न सक्दछन्, यद्यपि यस्ता वित्तीय सूचना सामान्य उद्देश्य आधारशिला अनुसार तयार गरिएको वित्तीय विवरणहरुसँग तुलना गर्न प्राकृतिक हुँदैनन् ।

**लेखापरीक्षणको योजना र कार्य सम्पादन गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरु** ( सन्दर्भः अनुच्छेद ९)

क९. नेपाल लेखापरीक्षणमान २०० बमोजिम लेखापरीक्षकले (क) वित्तीय विवरणहरुको लेखापरीक्षक अनुवन्धसँग सम्बन्धित स्वतन्त्रताको लागि महत्वपूर्ण तत्वहरु लगायत सम्बद्ध नैतिक अपेक्षाहरु र (ख) लेखापरीक्षणसरुँग सम्बन्ध सबै नेपाल लेखापरीक्षणमानहरुको परिपालना गर्नु आवश्यक हुन्छ । लेखापरीक्षणको परिस्थितिहरुमा शर्तात्मक भएको र शर्तहरु नरहेको कारणले सबै नेपाल लेखापरीक्षणमानहरु सान्दर्भिक नभए वा आवश्यकताहरु सान्दर्भिक नभएसम्म लेखापरीक्षकले नेपाल लेखापरीक्षणमानका हरेक शर्तहरु परिपालना गर्नु पनि आवश्यक हुन्छ । अपवादात्मक परिस्थितिहरुमा आवश्यकताका लक्ष प्राप्त गर्न वैकल्पिक लेखापरीक्षण कार्यविधिहरुको प्रयोगद्वारा नेपाल लेखापरीक्षणमानका सम्बद्ध शर्तहरुको पलना नगर्नु आवश्यक देखिएमा यस बारेमा लेखापरीक्षकले निर्णय गर्न सक्दछ ।[१०]

---

१० नेलेपमा २००, अनुच्छेद १४, १८ र २२-२३ ।

क१०. विशेष उद्देश्य वित्तीय विवराणहरुको लेखापरीक्षणमा नेपाल लेखापरीक्षणमानहरुको केही शर्त/आवश्यताहरुको प्रयोग गर्दा लेखापरीक्षकद्धारा विशेष रुपले विचार पुऱ्याउनु आवश्यक हुन सक्दछ। उदाहरणको लागि नेपाल लेखापरीक्षणमान ३२० मा समूहगत रुपमा प्रयोगकर्ताहरुको आवश्यकता बमोजिम सामान्य वित्तीय सूचनामा विचार पुऱ्याउनु पर्ने कुराहरु वित्तीय विवरण प्रयोगकर्ताहरुको सारयुक्त महत्वमा आधारित हुन्छ ।[११] विशेष उद्देश्य वित्तीय विवरणको लेखापरीक्षणको हकमा यद्यपि ती निर्णयहरु लक्षित प्रयोगकर्ताहरुलाई आवश्यक हुने वित्तीय सूचना माथि विचार पुऱ्याउनु पर्ने कुराहरुमा आधारित हुन्छन् ।

क११. विशेष उद्देश्य वित्तीय विवरणको हकमा, जस्तो ती करारको आवश्यकता अनुसार तयार गरिएका हुन्छन्, व्यवस्थापन प्रारम्भ विन्दुभन्दा तलको लेखापरीक्षण अवधिभर नसच्याइएको वा अन्य तरिकाले समायोजन गरिएको लक्षित प्रयोगकर्ताको गलत विवरणसँग सहमत हुन सक्नेछ । यस्तो प्रारम्भ विन्दुको अस्थित्व माथि विशेष उद्देश्य वित्तीय विवरणको लेखापरीक्षणको योजना र कार्यसम्पादनको उद्देश्यको लागि नेपाल लेखापरीक्षणमान ३२० अनुसारको सारयुक्त तत्व निर्धारण गर्नु पर्ने आवश्यकता पूरा गर्दा लेखापरीक्षक आधारित हुनु हुँदैन ।

क१२. नेपाल लेखापरीक्षणमानहरु अनुसार संचालनको जिम्मा पाएका व्यक्तिहरुसँगको सम्पर्क सञ्चालनको जिम्मा पाएका व्यक्तिहरु र लेखापरीक्षण गर्नु पर्ने वित्तीय विवरणहरु, खास गरेर, ती वित्तीय विवरणको तयारीको जिम्मा पाएका व्यक्तिहरुले तयारी गर्दा अनदेखा (Overseeing) गरेका कुराहरुको लागि जिम्मेवार रहने भएकोले तिनीहरुको सम्बन्धमा आधारित हुन्छ । विशेष उद्देश्यको वित्तीय विवरणको हकमा ती सञ्चालनका जिम्मा पाएका व्यक्तिहरुसँग यस्तो जिम्मेवारी नहुन सक्दछ, उदाहरणको लागि वित्तीय सूचनाको तयारी

---

११ नेलेपमा ३२०, “लेखापरीक्षण योजना र सम्पादनमा व्यवस्थापन” अनुच्छेद २ ।

जब व्यवस्थापनको उपयोगको लागि मात्र गरिएको हुन्छ । यस्ता अवस्थाहरुमा निकायको सामान्य उद्देश्य वित्तीय विवरणहरु वा उदाहरणको लागि विशेष उद्देश्य वित्तीय विवरणहरुको लेखापरीक्षण गरिएको अवधिमा पहिचान गरिएका सम्बद्ध विषयहरु सञ्चालनका जिम्मा पाएका व्यक्तिहरुसँग आदान प्रदान गर्न लेखापरीक्षक सहमत भएको अवस्थामा निकायको सामान्य उद्देश्य वित्तीय विवरणहरुको लेखापरीक्षणको लागि पनि लेखापरीक्षक जिम्मेवार हुने अवस्थामा बाहेक विशेष उद्देश्य वित्तीय विवरणहरुको लेखापरीक्षणमा नेपाल लेखापरीक्षणमान २६०[१२] को शर्त/आवश्यकताहरु सान्दर्भिक नहुन सक्दछ ।

**राय बनाउने र प्रतिवेदन गर्दा ध्यान पुरयाउनु पर्ने कुराहरु** (सन्दर्भः अनुच्छेद ११)

क१३. यो नेपाल लेखापरीक्षणमानको अनुसूचीमा विशेष उद्देश्यको वित्तीय विवरणहरु सम्बन्धी लेखापरीक्षकको प्रतिवेदनको उदाहरणहरु समावेश गरिएको छ ।

*विशेष उद्देश्य आधारशिला बमोजिम तयार गरिएको वित्तीय विवरणमा पाठकलाई सचेत गराउने (सन्दर्भः अनुच्छेद १४)*

क१४. विशेष उद्देश्यको वित्तीय विवरणहरु लक्षित गरिएकोभन्दा अन्य उद्देश्यहरुको लागि पनि प्रयोग हुन सक्दछ । उदाहरणका लागि निश्चित निकायका नियमकले विशेष उद्देश्यको वित्तीय विवरणहरु सार्वजनिक अभिलेखमा पठाउनु अवश्यक हुन्छ । गलत बुझाईलाई हटाउनको लागि लेखापरीक्षकले वित्तीय विवरणहरु विशेष उद्देश्य आधारशिलामा तयार गरिएको र त्यसैले अन्य उद्देश्यको लागि अनुपयुक्त हुन सक्दछ भनी लेखापरीक्षको प्रतिवेदनको प्रयोगकर्ताहरुलाई सचेत गराउनु पर्दछ ।

---

१२ नेलेपमा, २६०, "सञ्चालनको जिम्मा पाएका व्यक्तिहरुसँगको सम्पर्क"

*वितरण वा प्रयोगको लागि रोक* (सन्दर्भ: अनुच्छेद १४)

क१५. अनुच्छेद १४ बमोजिम सचेत गराउनुका अतिरिक्त, खास प्रकारका प्रयोगकर्ताको लागि मात्र लेखापरीक्षकको प्रतिवेदन उपयुक्त हुन सक्दछ भनी लक्षित गर्ने बारेमा लेखापरीक्षकले विचार गर्न सक्दछ । निश्चित क्षेत्राधिकारको कानून र नियममा लेखापरीक्षकको प्रतिवेदनको प्रयोग गर्न वा वितरणमा रोक लगाएर मात्र यो प्राप्त गर्न सकिनेछ । यी अवस्थाहरुमा अनुच्छेद १४ मा उल्लेखित अनुच्छेदलाई ती अन्य विषबस्तुहरु र शीर्षकलाई आवश्यकता अनुसार परिवर्तन गर्ने लगायतका कुराहरुलाई विस्तारमा उल्लेख गर्न सकन्छ ।

## अनुसूची

(सन्दर्भ: अनुच्छेद १३)

**विशेष उद्देश्यको वित्तीय विवरणहरुको सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदनका उदाहरणहरु**

- उदाहरण नं. १ : करारको वित्तीय प्रतिवेदन सम्बन्धी व्यवस्था अनुसार तयार गरिएको वित्तीय विवरणको एक पूर्ण सेट माथिको लेखापरीक्षकको प्रतिवेदन (यस उदाहरणको उद्देश्यको लागि, परिपालना गर्नु पर्ने आधारशिला)
- उदाहरण नं. २ : क्षेत्राधिकार X मा करमा आधारित लेखांकन अनुसार तयार गरिएको वित्तीय विवरणको एक पूर्ण सेट माथिको लेखापरीक्षकको प्रतिवेदन (यस उदाहरणको उद्देश्यको लागि, परिपालना गर्नु पर्ने आधारशिला)
- उदाहरण नं. ३ : नियामकबाट स्थापना भएको वित्तीय प्रतिवेदनको व्यवस्थाहरु अनुसार तयार गरिएको वित्तीय विवरणको एक पूर्ण सेट माथिको लेखापरीक्षकको प्रतिवेदन ( यस उदाहरणको उद्देश्यको लागि, उचित प्रस्तुति आधारशिला)

**उदाहरण १:**

**परिस्थितिले निम्न कुराहरु समावेश गरेको छ :**

- **निकायको व्यवस्थापनद्वारा करारको वित्तीय प्रतिवेदन सम्बन्धी व्यवस्था (यो विशेष प्रतिवेदन आधारशिला हो) अनुसार करारको वित्तीय व्यवस्थाहरु पालना गर्न वित्तीय विवरणहरु तयार गरिएका छन् । वित्तीय प्रतिवेदन आधारशिलाको स्रोतमा व्यवस्थापनसँग छनौटको अवसर छैन ।**

- **लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिला पालना गर्नु पर्ने आधारशिला हो ।**

- **लेखापरीक्षण अनुवन्ध पत्रको शर्तले नेपाल लेखापरीक्षणमान २१० मा उल्लेखित वित्तीय विवरणको लागि व्यवस्थापनको जिम्मेवारीको वर्णनलाई प्रतिविम्बित गर्दछ ।**

- **लेखापरीक्षण प्रतिवेदनको प्रयोग र वितरणमा रोक लगाईएको छ ।**

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

(उपयुक्त संबोधित पक्ष)

हामीले असार ३१, २०XX को वासलातको अवस्था दर्शाउने तथा आय विवरण (Income Statement), इक्वीटीमा भएको परिवर्तनको विवरण र समाप्त भएको आर्थिक वर्षको नगद प्रवाहको विवरण, र लेखापालन सम्बन्धी महत्वपूर्ण लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक सूचना सामेल भएको एबीसी कम्पनीको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौँ । कखग कम्पनीको व्यवस्थापनद्वारा कखग कम्पनी र घङच (DEF) कम्पनीको बीचमा जनवरी १ २०XX मा भएको करारको दफा ज्ञ को व्यवस्था बमोजिम वित्तीय प्रतिवेदन सम्बन्धी व्यवस्था अनुसार वित्तीय विवरणहरु तयार गरिएका छन् ।

## वित्तीय विवरणहरुका लागि व्यवस्थापनको[१३] जिम्मेवारी

व्यवस्थापन करारको दफा ज्ञ को व्यवस्था बमोजिम वित्तीय प्रतिवेदन सम्बन्धी व्यवस्था अनुसार वित्तीय विवरणहरु तयार गर्न र व्यवस्थापनले निर्धारण गरे बमोजिम वित्तीय विवरण तयार गर्दा जालसाजी वा भूल जुनसुकै कारणबाट भएपनि हुनसक्ने मिथ्यावर्णबाट वित्तीय विवरणहरु मुक्त हुने गरी तयार गर्न आन्तरिक निण्न्त्रण सक्षम हुनु आवश्यक छ ।

## लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी वित्तीय विवरणहरुको बारेमा राय व्यक्त गर्नु हो, जसमा हाम्रो लेखापरीक्षण कार्य आधारित रहेको छ । हामीले लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षण मान अनुसार सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु सारयुक्त रुपमा गलत विवरणबाट मुक्त छन् भन्ने मनासिव आश्वस्तता (Reasonable Assurance) को लागि ती मानहरुद्वारा नैतिक आवश्यकता तथा योजना बमोजिम लेखापरीक्षण कार्य सम्पन्न गर्नु पर्ने अपेक्षा गर्दछन् ।

वित्तीय विवरणहरुमा रहेका रकमहरु र खुलासाहरुको बारेमा लेखापरीक्षण प्रमाणहरु प्राप्त गर्न लेखापरीक्षण कार्यले कार्यसम्पादन कार्यविधिहरु समावेश गर्दछ । जालसाजी वा भूलको कारणबाट वित्तीय विवरणमा हुनसक्ने तथ्यगत गलत विवरणको जोखिमको मूल्यांकन लगायत कार्यविधिको छनौट लेखापरीक्षकको निर्णयमा भर पर्दछ । ती जोखिम मूल्यांकन गर्दा परिस्थिति अनुसार उपयुक्त लेखापरीक्षण कार्यविधिहरु निर्माण गर्नका लागि संस्थाको वित्तीय विवरणको तयारीसँग सम्बद्ध (Relevant) आन्तरिक नियन्त्रणलाई लेखापरीक्षकले विचार गर्दछ । तर संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारीताको बारेमा राय व्यक्त गर्ने प्रयोजनको लागि विचार गर्दैन । लेखापरीक्षणले प्रयोग भएको लेखा नीतिको उपयुक्तता र व्यवस्थापनद्वारा गरिएको लेखापालन प्रक्षेपणको औचित्यको मूल्यांकनलाई समेल गर्नुका साथै वित्तीय विवरणको समग्र प्रस्तुतिको मूल्यांकनलाई सामेल गरेकोछ ।

१३ अथवा खास क्षेत्राधिकारको कानूनी संरचनाको सन्दर्भमा उपयुक्त अन्य शब्दावली ।

हाम्रो लेखापरीक्षण रायलाई आधार प्रदान गर्नको लागि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु पर्याप्त र उपयुक्त छन् भन्ने विश्वास छ ।

## राय

हाम्रो रायमा सबै तथ्यगत स्रोतहरुमा असार ३१, २०XX मा समाप्त भएको वर्षको कखग कम्पनीको वित्तीय विवरणहरु करारको दफा ज्ञ  बमोजिम वित्तीय प्रतिवेदन मान बमोजिम तयार भएका छन् ।

## लेखापालनको आधार र वितरण र प्रयोगमा रोक

हाम्रो रायलाई परिमार्जन नगरी लेखापालनको आधार वर्णन गर्ने वित्तीय विवरणमा टिप्पणी X को सम्बन्धमा हामी ध्यानाकर्षण गर्दछौं । वित्तीय विवरणहरु क्खग कम्पनीलाई माथि उल्लेख गरिएको करारको व्यवस्थाहरु परिपालना र सहयोग गर्न तयार गरिएका छन् । परिणाम स्वरुप वित्तीय विवरणहरु अन्य उद्देश्यको लागि उपयुक्त नहुन सक्दछन् । हाम्रो प्रतिवेदन कखग कम्पनी र घङच  (DEF) कम्पनीको लागि मात्र हो र कखग कम्पनी र घङच (DEF)कम्पनी बाहेक अन्य पक्षहरुलाई वितरण गरिनु वा अन्य पक्षले प्रयोग गर्नु हुँदैन ।

(लेखापरीक्षकको दस्तखत)

(लेखापरीक्षकको प्रतिवेदनको मिति)

(लेखापरीक्षकको ठेगाना)

**उदाहरण २:**

**परिस्थितिले निम्न कुराहरु समावेश गरेको छ :**

- **साझेदारको व्यक्तिगत आय कर फिर्ता सम्बन्धमा तिनीहरुलाई सहयोग गर्न साझेदारी निकायको व्यवस्थापनद्वारा क्षेत्राधिकार X को (त्यो विशेष उद्देश्य आधारशिला हो) करको आधारमा वित्तीय विवरणहरु तयार गरिएका छन् । व्यवस्थापनसँग प्रतिवेदनको आधारशिलाको छनौटको आधार छैन ।**

- **लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिला पालना गर्नु पर्ने आधारशिला हो ।**

- **लेखापरीक्षण अनुवन्ध पत्रको शर्तले नेपाल लेखापरीक्षणमान २१० मा उल्लेखित वित्तीय विवरणको लागि व्यवस्थापनको जिम्मेवारीको वर्णनलाई प्रतिविम्बित गर्दछ ।**

- **लेखापरीक्षकको प्रतिवेदन वितरणमा रोक लगाईएको छ ।**

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

(उपयुक्त संबोधित पक्ष)

हामीले असार ३१, २०XX को वासलातको अवस्था दर्शाउने तथा आयको विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र समाप्त भएको आर्थिक वर्षको नगद प्रवाहको विवरण, र लेखापालन सम्बन्धी महत्वपूर्ण लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक सूचना सामेल भएको कखग साझेदारीको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं । व्यवस्थापनद्वारा क्षेत्राधिकार X मा लेखा प्रणालीको करको आधारलाई प्रयोग गरेर वित्तीय विवरणहरु तयार गरिएका छन् ।

## वित्तीय विवरणहरुका लागि व्यवस्थापनको[१४] जिम्मेवारी

व्यवस्थापन लेखा प्रणालीको कर आधारलाई प्रयोग गरेर वित्तीय विवरणहरु तयार गर्न जिम्मेवार छ र व्यवस्थापनले निर्धारण गरे बमोजिम वित्तीय विवरण तयार गर्दा जालसाजी वा भूल जुनसुकै कारणबाट भएपनि हुनसक्ने मिथ्यावर्णबाट वित्तीय विवरणहरु मुक्त हुने गरी तयार गर्न आन्तरिक नियन्त्रण सक्षम हुनु आवश्यक छ ।

## लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी ती वित्तीय विवरणहरुको बारेमा राय व्यक्त गर्नु हो, जसमा हाम्रो लेखापरीक्षण कार्य आधारित रहेको छ । हामीले लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षणमान अनुसार सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु सारयुक्त रुपमा गलत विवरणबाट मुक्त छन् भन्ने मनासिव आश्वस्तताको लागि ती मानहरुद्वारा हामीले नैतिक आवश्यकताहरु तथा योजना बमोजिम लेखापरीक्षण कार्य सम्पन्न गर्नु पर्ने अपेक्षा गर्दछन् ।

वित्तीय विवरणहरुमा रहेका रकमहरु र खुलासाहरुको बारेमा लेखापरीक्षण प्रमाणहरु प्राप्त गर्न लेखापरीक्षण कार्यले कार्यसम्पादन कार्यविधिहरु समावेश गर्दछ । जालसाजी वा भूलको कारणबाट वित्तीय विवरणमा हुनसक्ने सारभूत रुपमा गलत विवरणको जोखिमको मूल्यांकन लगायत कार्यविधिको छनौट लेखापरीक्षकको निर्णयमा भर पर्दछ । ती जोखिम मूल्यांकन गर्दा परिस्थिति अनुसार उपयुक्त लेखापरीक्षण कार्यविधिहरु निर्माण गर्नका लागि संस्थाको वित्तीय विवरणको तयारीसँग सम्बद्ध आन्तरिक नियन्त्रणलाई लेखापरीक्षकले विचार गर्दछ । तर संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारीताको बारेमा राय व्यक्त गर्ने प्रयोजनको लागि विचार गर्दैन । लेखापरीक्षणले प्रयोग भएको लेखा नीतिको उपयुक्तता र व्यवस्थापनद्वारा गरिएको लेखापालन प्रक्षेपणको औचित्यको मूल्यांकनलाई समेल गर्नुका साथै वित्तीय विवरणको समग्र प्रस्तुतिको मूल्यांकनलाई सामेल गरेकोछ ।

---

१४ अथवा खास क्षेत्राधिकारको कानूनी संरचनाको सन्दर्भमा उपयुक्त अन्य शब्दावली ।

लेखापरीक्षण रायलाई आधार प्रदान गर्नको लागि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु पर्याप्त र उपयुक्त छन् भन्ने हामीलाई विश्वास छ ।

## राय

हाम्रो रायमा सबै सारयुक्त स्रोतहरुमा असार ३१, २०XX मा समाप्त भएको वर्षको एबीसी साझेदारीको वित्तीय विवरणहरु क्षेत्राधिकार X बमोजिम (प्रचलित कर कानूनको उल्लेख गर्ने) तयार भएका छन् ।

## लेखापालनको आधार र वितरण र प्रयोगमा रोक

हाम्रो रायलाई परिमार्जन नगरी लेखापालनको आधार वर्णन गर्ने वित्तीय विवरणमा टिप्पणी X को सम्बन्धमा हामी ध्यानाकर्षण गर्दछौं । वित्तीय विवरणहरु क्खगसाझेदारीको साझेदारलाई तिनीहरुको आयकर फिर्ता सम्बन्धमा सहयोग गर्न तयार गरिएका छन् । परिणाम स्वरुप वित्तीय विवरणहरु अन्य उद्देश्यको लागि उपयुक्त नहुन सक्दछन् । हाम्रो प्रतिवेदन कखग साझेदारी र यसको साझेदारको लागि मात्र हो र क्खग साझेदारी र यसको साझेदार बाहेक अन्य पक्षहरुलाई वितरण गरिनु वा अन्य पक्षले प्रयोग गर्नु हुँदैन ।

(लेखापरीक्षकको दस्तखत)

(लेखापरीक्षकको प्रतिवेदनको मिति)

(लेखापरीक्षकको ठेगाना)

**उदाहरण ३:**

**परिस्थितिले निम्न कुराहरु समावेश गरेको छ :**

- **वित्तीय विवरणहरु नियामकको आवश्यकता पूरा गर्न नियामकद्धारा स्थापित वित्तीय प्रतिवेदन व्यवस्था बमोजिम (त्यो विशेष उद्देश्यको आधारशिला हो) निकायको व्यवस्थापनले वित्तीय विवरणहरु तयार गरेको छ । व्यवस्थापनसँग वित्तीय प्रतिवेदन आधारशिला छनौटको अवसर छैन ।**
- **लागू गर्न सकिने वित्तीय प्रतिवेदन आधारशिला उचित प्रस्तुति आधारशिला हो ।**
- **लेखापरीक्षण अनुवन्ध पत्रको शर्तले नेपाल लेखापरीक्षणमान २१० मा उल्लेखित वित्तीय विवरणको लागि व्यवस्थापनको जिम्मेवारीको वर्णनलाई प्रतिविम्बित गर्दछ ।**
- **लेखापरीक्षकको प्रतिवेदन वितरणमा रोक लगाईएको छैन ।**
- **अन्य सारयुक्त अनुच्छेदले लेखापरीक्षकले क्खग कम्पनीले त्यही अवधिको लागि सामान्य उद्देश्य आधारशिला अनुसार तयार गरेको वित्तीय विवरणहरु माथिको लेखापरीक्षकको प्रतिवेदन पनि जारी गरेको छ भन्ने तथ्य उल्लेख गरेको छ ।**

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

(उपयुक्त संबोधित पक्ष)

हामीले असार ३१, २०XX को वासलातको अवस्था दर्शाउने तथा आयको विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र समाप्त भएको आर्थिक वर्षको नगद प्रवाहको विवरण, र लेखापालन सम्बन्धी महत्वपूर्ण लेखा नीतिहरु तथा अन्य व्याख्यात्मक टिप्पणी सामेल भएको क्खग कम्पनीको सम्बद्ध वित्तीय विवरणहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौँ । व्यवस्थापनद्वारा नियमावली ज्ञ को नियम त्र को वित्तीय प्रतिवेदन सम्बन्धी व्यवस्थामा आधारित भएर वित्तीय विवरणहरु तयार गरिएका छन् ।

## वित्तीय विवरणहरुका लागि व्यवस्थापनको[१५] जिम्मेवारी

व्यवस्थापन नियमावली ज्ञ को नियम त्र को वित्तीय प्रतिवेदन सम्बन्धी व्यवस्था[१६] अनुसार वित्तीय विवरणहरु तयार गर्न र उचित प्रस्तुति गर्नको लागि जिम्मेवार छ र व्यवस्थापनले निर्धारण गरे बमोजिम वित्तीय विवरण तयार गर्दा जालसाजी वा भूल जुनसुकै कारणबाट भएपनि हुनसक्ने मिथ्यावर्णबाट वित्तीय विवरणहरु मुक्त हुने गरी तयार गर्न सक्षम हुनु आवश्यक छ।

## लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी ती वित्तीय विवरणहरुको बारेमा राय व्यक्त गर्नु हो, जसमा हाम्रो लेखापरीक्षण कार्य आधारित रहेको छ । हामीले लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षण मान अनुसार सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु सारयुक्त रुपमा गलत विवरणबाट मुक्त छन् भन्ने मनासिव आश्वस्तताको लागि ती मानहरुले हामीले नैतिक आवश्यकताहरु तथा योजना बमोजिम लेखापरीक्षण कार्य सम्पन्न गर्नु पर्ने अपेक्षा गर्दछन् ।

वित्तीय विवरणहरुमा रहेका रकमहरु र खुलासाहरुको बारेमा लेखापरीक्षण प्रमाणहरु प्राप्त गर्न लेखापरीक्षण कार्यले कार्यसम्पादन कार्यविधिहरु समावेश गर्दछ । जालसाजी वा भूलको कारणबाट वित्तीय विवरणमा हुनसक्ने सारयुक्त गलत विवरणको जोखिमको मूल्यांकन लगायत कार्यविधिको छनौट लेखापरीक्षकको निर्णयमा भर पर्दछ । ती जोखिम मूल्यांकन गर्दा परिस्थिति अनुसार उपयुक्त लेखापरीक्षण कार्यविधिहरु निर्माण गर्नका लागि संस्थाको वित्तीय विवरणको तयारी र उचित प्रस्तुति[१७] सँग सम्बद्ध आन्तरिक नियन्त्रणलाई

---

१५ अथवा खास क्षेत्राधिकारको कानूनी संरचनाको सन्दर्भमा उपयुक्त अन्य शब्दावली ।

१६ सही र उचित दृष्टिकोण दिने वित्तीय विवरण तयार गर्ने जिम्मेवारी व्यवस्थापनको भएको अवस्थामा यसलाई “क नियमावलीको नियम ख को वित्तीय प्रतिवेदनसम्बन्धी नियम वा यस्तै नियम अनुसार सही र उचित दृष्टिकोण दिने वित्तीय विवरण तयार गर्न व्यवस्थापन जिम्मेवार छ” भनी अध्ययन गरिनु पर्दछ ।

१७ पाद टिप्पणी १६ को सन्दर्भमा यसलाई “जोखिमको मूल्यांकन गर्दा लेखा परीक्षकले परिस्थिति अनुसार उपयुक्त लेखापरीक्षण कार्यविधि निर्धारण गर्नका लागि सही र उचित

लेखापरीक्षकले विचार गर्दछ । तर संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारीताको बारेमा राय व्यक्त गर्ने प्रयोजनको लागि विचार गर्दैन ।[१८] लेखापरीक्षणले प्रयोग भएको लेखा नीतिको उपयुक्तता र व्यवस्थापनद्वारा गरिएको लेखापालन प्रक्षेपणको औचित्यको मूल्यांकनलाई सामेल गर्नुका साथै वित्तीय विवरणको समग्र प्रस्तुतिको मूल्यांकनलाई सामेल गरेकोछ ।

हाम्रो लेखापरीक्षण रायलाई आधार प्रदान गर्नको लागि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु पर्याप्त र उपयुक्त छन् भन्ने हामीलाई विश्वास छ ।

## राय

हाम्रो रायमा सबै तथ्यगत स्रोतहरुमा वित्तीय विवरणहरुले असार ३१, २०XX को क्खग कम्पनीको वित्तीय अवस्था, र यसको वित्तीय कार्यसम्पादन र गत आर्थिक वर्षको नगद प्रवाहको विवरण (*वा सही र उचित विचार दिन सकिन्छ*) नियमावली ज्ञ को नियम त्र बमोजिम भएको उचित रुपमा प्रस्तुत गरेको छ ।

## लेखापालनको आधार

हाम्रो रायलाई परिमार्जन नगरी लेखापालनको आधार वर्णन गर्ने वित्तीय विवरणमा टिप्पणी X को सम्बन्धमा हामी ध्यानाकर्षण गर्दछौं । वित्तीय विवरणहरु नियमक डिईएफको शर्त/आवश्यकताहरु पूरा गर्न एबीसी

---

दृष्टिकोण दिने वित्तीय विवरण तयार गर्ने निकायको सम्बद्ध आन्तरिक नियन्त्रणलाई विचार गर्नेछ, तर निकायको आन्तरिक नियन्त्रको प्रभावकारीको बारेमा राय व्यक्त गर्ने उद्देश्यको लागि होइन" भनी अध्ययन गरिनु पर्दछ ।

१८ लेखापरीक्षकको वित्तीय विवरणहरुको लेखापरीक्षणसँगै आन्तरिक नियन्त्रको प्रभावकारीको बारेमा पनि राय व्यक्त गर्नु पर्ने जिम्मेवारी भएको अवस्थामा यो वाक्यलाई यसरी उल्लेख गरिनु पर्दछः "जोखिमको मूल्यांकन गर्दा लेखा परीक्षकले परिस्थिति अनुसार उपयुक्त लेखापरीक्षण कार्यविधि निर्धारण गर्नका लागि सही र उचित दृष्टिकोण दिने वित्तीय विवरण तयार गर्ने निकायको सम्बद्ध आन्तरिक नियन्त्रणलाई विचार गर्नेछ,।" पाद टिप्पणी १६ को सन्दर्भमा यसलाई यसरी अध्ययन गरिनु पर्दछः "जोखिमको मूल्यांकन गर्दा लेखा परीक्षकले परिस्थिति अनुसार उपयुक्त लेखापरीक्षण कार्यविधि निर्धारण गर्नका लागि सही र उचित दृष्टिकोण दिने वित्तीय विवरण तयार गर्ने निकायको सम्बद्ध आन्तरिक नियन्त्रणलाई विचार गर्नेछ, ।"

कम्पनीलाई सहयोग गर्न तयार गरिएका छन् । परिणाम स्वरुप वित्तीय विवरणहरु अन्य उद्देश्यको लागि उपयुक्त नहुन सक्दछन् ।

## अन्य विषयबस्तु

क्खग कम्पनीले असार ३१, २०XX मा समाप्त भएको वर्षको लागि वित्तीय विवरणको नेपाल मान बमोजिम एउटा छुट्टै वित्तीय विवरणको सेट तयार गरेको छ, जसमाथि हामीले असार ३१ २०XX मा क्खग कम्पनीका हिस्सेदारहरुका लागि लेखापरीक्षकको छुट्टै प्रतिवेदन जारी गरेका थियौं ।

(लेखापरीक्षकको दस्तखत)

(लेखापरीक्षकको प्रतिवेदनको मिति)

(लेखापरीक्षकको ठेगाना)